Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# प्रेस विज्ञप्ती

**सोल्टी होटल लिमिटेडको ४३औं वार्षिक साधारण सभाबाट नयाँ सञ्चालक समिति गठन तथा श्री दिनेश बहादुर विष्ट कार्यकारी अध्यक्षमा पुनः नियुक्त हुनु भएको सम्वन्धमा**

विगत ५१ बर्ष देखि नेपालको पर्यटन क्षेत्रको विकाशमा महत्वपुर्ण योगदान पुऱ्याउदै आएको अग्रणी शुप्रशिद्ध पाँचतारे होटेल, सोल्टी होटल लिमिटेडको ४३औं बार्षिक साधारण सभा मिति २०७४ मंसिर २८ गते तद्नुसार १४ डिसेम्बर २०१७ विहिबारका दिन अत्यन्त सौहार्दपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न भई उक्त बार्षिक साधारण साभाबाट नयां सन्चालक समित गठन भएको  छ ।

कम्पनीको संचालक समितिमा संस्थागत शेयरधनीहरु मध्येबाट नियुक्त हुने ६ जना र सर्वसाधारण शेयरधनीहरु मध्येवाट निर्वाचित हुने ३ जना संचालक रहने व्यवस्था वमोजिम संस्थागत शेयरधनी सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेडको तर्फबाट नियुक्त हुने ४ जना संचालकमा श्री दिनेश बहादुर विष्ट, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ र श्री जया राज्यलक्ष्मी शाह, नेपाल वायुसेवा निगमको तर्फबाट नियुक्त हुने १ जना संचालकमा श्री गणेश बहादुर चन्द तथा विदेशी लगानीकर्ता श्री होलिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लिमिटेड, हङ्कङ्को तर्फबाट नियुक्त हुने १ जना संचालकमा श्री अनन्थ रामचन्द्रन नियुक्त हुनु भएको छ र त्यसैगरी सर्बसाधारण शेयरधनीहरुका तर्फबाट निर्वाचित हुने ३ जना संचालकमा श्री शशीराज पाण्डे, श्री निरञ्जन कुमार टिवरेवाला र श्री प्रकाश विक्रम खत्री निर्विरोध निर्वाचित हुनु भएको छ ।

साथै साधारण सभा लगत्तै बसेको कम्पनीको संचालक समितिको २१५औं बैठकको सर्वसम्मत निर्णयानुसार श्री दिनेश बहादुर विष्ट कार्यकारी अध्यक्षमा पुनः नियुक्त हुनु भएको छ ।

**संचार माध्यमको अन्य जानकारीको लागि**

सोल्टी होटल लिमिटेड काठमाण्डौं

लिल बहादुर खत्री
कम्पनी सचिव
सोल्टी होटल लिमिटेड
फोन नं. ४२७३९९९, तथा ४६७३२९९
इमेल : lbkhatri@soaltee.cpm.np

---

**सोल्टी होटल लिमिटेडको सम्बन्धमा संक्षिप्त जानकारी**

**सोल्टी होटल लिमिटेड** नेपाल धितोपत्र बोर्डमा शेयर दर्ता गरी नेपाल स्टक एक्सचेंज लिमिटेडमा सूचीकृत, नेपालको कम्पनी ऐन,२०२१ (हाल २०६३) बमोजिम संस्थापित भएको सिमित दायित्वको पब्लिक लिमिटेड कम्पनीहो । कम्पनीको रजिष्ट्रर्ड कार्यालय तथा प्रमुख कारोवार गर्ने स्थान ताहाचल, काठमाण्डौं, नेपालमा अवस्थित छ ।सोल्टी होटल लिमिटेडले इन्टरकन्टीनेन्टल होटल्स् ग्रुपको स्वामित्वमा रहेको कम्पनी हलिडे इन्स् (चाईना) लिमिटेडले कम्पनी संग भएको होटेल व्यवस्थापन सम्बन्धी सम्झौता बमोजिम होटेलका विभिन्न स्तरका डीलक्स, क्लब देखि लिएर सूईट सम्मका बिक्री योग्य २८२ कोठाहरु भएको पांचतारे होटेल **"सोल्टी क्राउन प्लाजा काठमाण्डौं"** संचालन गर्दछ । कम्पनीले एल एस जी कैटरिंग हङ्कङ्ग लिमिटेड, हङ्कङ्ग संग गरेको प्रविधि सहयोग सम्झौता अन्तर्गत एल एस जी स्काई सेफ - फ्लाईट कैटरिंग यूनिट पनि संचालन गर्दछ ।